

# पुनर्निर्माणका तीन वर्ष

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं ।
२०७५, पुस



लमजुङको राइनासकोटमा पुनर्निर्मित घरहरू अहिले पर्यटककालागि होमस्टेमा परिणत भएका छन् ।

२०७२ साल वैशाख १२ को भूकम्प र त्यसपछिका परकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरूको पुनर्निर्माण, बिस्थापित व्यक्ति तथा परिवारहरूको पुनर्स्थापना र उनीहरूको जीविकोपार्जनमा समेत विशेष सहयोग गर्ने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरिएको हो । सरकारी निकाय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय, विभिन्न सङ्घ/संस्था, स्थानीय समुदाय तथा व्यक्तिसँग समन्वय, सहकार्य र साझेदारी गर्दै तीन वर्षको अवधिमा प्राधिकरणले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

प्राधिकरणको निर्देशक समितिले निजी आवास पुनर्निर्माणलाई छिटो र व्यवस्थितरूपमा अघि बढाउन स्थानीय तहहरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने निर्णय गरेअनुसार भूकम्प प्रभावित जिल्लाका स्थानीय तहहरूसँग प्राधिकरणले सम्झौता गर्दैछ । जनताको अपनत्व र स्वामित्व तथा स्थानीय तहको सक्रियतामा निजी आवास पुनर्निर्माणका कामहरू अघि बढाउँदा निजी आवाससम्बन्धी कुनै पनि समस्या सम्बोधन गर्न सहज हुने र स्थानीय तहले विकेन्द्रीकरणको वास्तविक अभ्यास गर्दै स्वामित्व लिनेछन् भन्ने प्राधिकरणले विश्वास लिएको छ ।

पूर्वनिर्धारित समयमा पुनर्निर्माणका बाँकी काम सम्पन्न गर्नका लागि प्राधिकरणले निजी आवास, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सम्पदा, सरकारी तथा सुरक्षा निकायका भवन, गुम्बालगायतका संरचनाको पुनर्निर्माण र भूकम्प प्रभावित जनताको जीविकोपार्जनका लागि स्पष्ट दृष्टिकोण र योजनाका साथ काम गरिरहेको छ । आगामी दिनमा पनि प्राधिकरणले सरकारी निकाय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय, विभिन्न सङ्घ/संस्था, स्थानीय समुदाय तथा व्यक्तिसँग समन्वय, सहकार्य र साझेदारी गर्दै पुनर्निर्माण र पुनर्स्थापनाका काम गर्नेछ ।

स्थापनापछिका तीन वर्षमा प्राधिकरणले के/कति प्रगति हासिल गऱ्यो र यसले बाँकी काम कसरी सम्पन्न गर्दैछ भन्नेबारे जानकारी हुन सकोस् भन्ने उद्देश्यका साथ मुख्य विषयहरूलाई समावेश गरी यो प्रगति विवरण तयार गरिएको छ ।



# निजी आवास पुनर्निर्माण

### अनुदान वितरण

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जम्मा लाभग्राही | ८,८४,८०० | | पुनर्निर्माण लाभग्राही ८,२२,९०९, प्रबलीकरणमा परेका लाभग्राही ६१,८९१ |
| अनुदान सम्झौता गरेका लाभग्राही | ७,४२,१३५ | ९० | जम्मा लाभग्राही सङ्ख्याको आधारमा |
| पहिलो किस्ता लिएका लाभग्राही | ७,३३,९०५ | ९९ | अनुदान सम्झौताका आधारमा |
| दोस्रो किस्ता लिएका लाभग्राही | ५,२३,३७३ | ७१ | „ |
| तेस्रो किस्ता लिएका लाभग्राही | ३,३५,४८५ | ४५ | „ |
| निर्माण सम्पन्न घर | ३,३७,३१९ | ४५ | „ |
| निर्माणाधीन घर सङ्ख्या | २,३३,३४३ | ३२ | „ |

**निर्माण सम्पन्न र निर्माणाधीन घर सङ्ख्या : ५,७०,६६२ (७७ प्रतिशत)**

### गुनासो सुनुवाइ र पुनरावेदन

- कुल गुनासो दर्ता : ४,३६,९११
- पुनः सर्वेक्षण गरिएका घर : १,२९,४१०
- सूचना प्रणालीबाट पुनरावलोकन गरिएका गुनासो : ४,३४,९१३
- पुनरावलोकनबाट थपिएका लाभग्राही : १,३१,७३२ (८८,१०५ पुनर्निर्माण र ४३,६२७ प्रबलीकरण )
- प्राधिकरणको टोल फ्रिबाट सेवा लिनेको सङ्ख्या : २५,०००
- पुनरावेदन समितिमा दर्ता भएका निवेदनपत्र : ३,२१२
- जाँचबुझ गरी दर्ता भएका निवेदन : ११८५
- प्रमाण बुझ्ने प्रयोजनका लागि भएका आदेश : ५८२
- प्रत्यार्थी झिकाउने मुद्दा : ८५

### निजी आवास पुनर्निर्माणसम्बन्धी नीतिगत व्यवस्था र कार्यप्रणाली :

**मूल लक्ष्य- भूकम्पपीडित सबैको सुरक्षित आवासको सुनिश्चतता**

- भूकम्पपीडित परिवार कोही नछुटून् र कोही नदोहोरिउन् भन्ने सोच ।
- पारदर्शिताको सुनिश्चितता - बैङ्क खातामार्फत अनुदान रकम भुक्तानी ।
- सुरक्षित आवास पुनर्निर्माणको मूल आधार - प्राविधिक निरीक्षणका आधारमा तीन किस्तामा तीन लाख रुपियाँ अनुदान वितरण ।
- प्राविधिक सेवाको सहज पहुँचका लागि वडा तहमा इन्जिनियर एवं डकर्मीहरू परिचालन ।
- स्थानीय तहमा कार्यजिम्मेवारी, स्रोत/साधन र अधिकार हस्तान्तरण - संस्थागत दिगोपना र सङ्घीयताको कार्यान्वयन ।
- टोल तथा बस्तीहरूमा पुनर्निर्माण सामुदायिक समितिको व्यवस्थाद्वारा पुनर्निर्माण कार्यमा समन्वय, आपसी सहयोग र जनचेतनामा अभिवृद्धि ।
- प्रत्येक स्थानीय तहमा पुनर्निर्माण समन्वय समिति र कार्यान्वयन एकाइको व्यवस्था - स्थानीय तहमै पुनर्निर्माण कार्यको कार्यान्वयन, अनुगमन र समीक्षा ।
- जिल्ला तहमा पुनर्निर्माण समन्वय समितिको व्यवस्था- पुनर्निर्माणमा तीनै तहका जनप्रतिनिधि परिचालन र अनुगमनकारी भूमिकाको सुनिश्चितता ।
- केन्द्रीय तहमा प्रधानमन्त्री अध्यक्ष र प्रमुख प्रतिपक्ष दलका नेता उपाध्यक्ष रहने गरी पुनर्निर्माण राष्ट्रिय परामर्श परिषद् र निर्देशक समितिको व्यवस्था- पुनर्निर्माणमा सत्तापक्ष एवं प्रतिपक्षी दलको साझा नेतृत्व र सहकार्यको परिकल्पना ।
- सबै भूकम्पपीडितको विवरण सूचना प्रणालीमा आबद्ध- पुनर्निर्माण एवं अनुदान वितरण व्यवस्थापनमा सहजता र विश्वसनीयता ।
- घर पुनर्निर्माण गर्न नसकेका र ऋण आवश्यक पर्ने

लाभग्राहीलाई तीन लाख रूपियाँसम्मको पाँच वर्षको सरल ऋणको व्यवस्था ।

- स्ववासी, भूमिहीन, गुठी, मोही जस्ता समस्या रहेका जग्गामा बसोबास गरेका भूकम्पपीडित लाभग्राहीलाई निस्सा कागज वा स्थानीय तहको सिफारिसका आधारमा आवास पुनर्निर्माण अनुदान दिइने व्यवस्था ।

## बस्ती स्थानान्तरण

- अध्ययन गरिएका सम्भावित जोखिमयुक्त बस्ती : १,०७५
- सुरक्षित बस्ती (केही गर्नु नपर्ने) : ४६३
- सुरक्षित बनाउन सकिने जोखिमयुक्त बस्ती : ३५६
- असुरक्षित बस्ती : २७२
- एकीकृत बस्ती बसाउनका लागि भौगर्भिक अध्ययन गरिएका स्थान : १९
- असुरक्षित बस्तीमा रहेका लाभग्राहीको सङ्ख्या : ३,९७५
- जग्गा खरिद अनुदान लिइ जग्गा व्यवस्थापन गरेका लाभग्राही सङ्ख्या : १३१५
- सुरक्षित बस्तीका लागि जग्गा उपलब्ध गराइएको लाभग्राहीको सङ्ख्या : ६४८
- सुरक्षित जग्गा उपलब्ध गराउन बाँकी लाभग्राही सङ्ख्या : २,०१२
- स्थानान्तरण लाभग्राहीका लागि दुई लाख रूपियाँ जग्गा खरिद अनुदान वा वैकल्पिक जग्गा उपलब्धताको सुनिश्चितता- व्यक्तिगत स्वतन्त्रताको सम्मान र द्रुततर आवास निर्माणको व्यवस्था सुनिश्चितता ।

## एकीकृत बस्ती पुनर्निर्माण

- एकीकृत बस्ती पुनर्निर्माणका लागि प्राप्त प्रस्ताव : ३७ वटा
- योजना स्वीकृत भएका एकीकृत बस्ती : २९ वटा
- साझेदार संस्थासहित पुनर्निर्माण भइसकेका एकीकृत बस्ती : २ वटा
- एकीकृत बस्तीतर्फ आकर्षण गर्न विशेष व्यवस्था : आधारभूत पूर्वाधारका लागि सम्बन्धित समुदायलाई प्रतिपरिवार हिमाली, पहाडी र तराई क्षेत्रमा एकीकृत बस्तीका लागि क्रमश : ५, ४ र ३ लाख रूपियाँका दरले पूर्वाधार विकासमा अनुदानको व्यवस्था ।

## परम्परागत सम्पदा बस्ती पुनर्निर्माण

- काठमाडौं उपत्यकाभित्र र बाहिरका ५२ वटा परम्परागत सम्पदा बस्तीहरूको विस्तृत गुरुयोजना तयार गरी सोहीअनुसार पुनर्निर्माण गरिने ।
- उपत्यकाभित्रका बुङमती, खोकना र साँखु एवं उपत्यकाबाहिरका नुवाकोट दरबार क्षेत्र, गोरखा दरबार क्षेत्र र दोलखा भीमेश्वर मन्दिर क्षेत्रलाई परम्परागत सम्पदा बस्तीका रूपमा सूचीकृत गरी पुनर्निर्माण कार्य अघि बढाइएको ।
- परम्परागत सम्पदा बस्तीसम्बन्धी विशेष मापदण्ड स्वीकृत भई कार्यान्वयनमा ल्याइएको ।
- परम्परागत सम्पदा बस्तीभित्र निजी आवास, आधारभूत पूर्वाधार तथा प्राचीन स्मारकहरूको संरक्षण एवं पुनर्निर्माण कार्य गुरुयोजनामुताबिक सरकार र स्थानीय समुदायको सहकार्यमा गरिने ।
- परम्परागत ६ वटा सम्पदा बस्तीका सबै भूकम्पपीडित लाभग्राहीलाई प्रति घरपरिवार थप ५० हजार रूपियाँ अनुदानको व्यवस्था ।

## जोखिम वर्गमा पर्ने लाभग्राहीसम्बन्धी विशेष व्यवस्था

- जोखिम वर्ग (अर्थात १५ वर्षमुनिका बालबालिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिमात्र रहेका घर/परिवार) मा पर्ने जम्मा लाभग्राही सङ्ख्या : १८,०००
- जोखिम वर्ग लाभग्राही थप अनुदान : ५० हजार रूपियाँ प्रति लाभग्राही
- थप अनुदान प्राप्त गर्ने कुल लाभग्राही : २,०००
- थप अनुदान प्राप्त गर्न बाँकी लाभग्राही : १६,०००

## निजी आवास पुनर्निर्माणसम्बन्धी लक्ष्य

- पहिलो किस्ता लिएका सबै लाभग्राहीको निजी आवास पुनर्निर्माण सम्पन्न गर्ने समयावधि आ.व. २०७५/२०७६ भित्र ।
- गुनासो, जग्गा समस्या, परम्परागत बस्ती, बस्ती स्थानान्तरण वा जोखिम वर्गमा पर्ने लाभग्राहीहरूको निजी आवास पुनर्निर्माण सम्पन्न गर्ने समयावधि : आ.व. २०७६/२०७७ भित्र ।
- एकीकृत बस्ती, बस्ती स्थानान्तरण तथा परम्परागत बस्तीहरूको पुनर्निर्माण सम्पन्न गर्ने समयावधि : आ.व. २०७७/२०७८ को प्रथम चौमासिक भित्र बनाउने ।





सिन्धुपाल्चोकको हेलम्बू क्षेत्रमा कारितास स्वीट्जरल्याण्डको सहयोगमा पुनर्निर्मित विद्यालय भवन ।

तस्बिर सौजन्य : हेमन्त चेम्जोङ/अनलाइन खबर

## शिक्षण संस्थाहरूको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सुरू गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | आ.व. २०७५/७६ भित्र | आ.व. २०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक |
| विद्यालय भवन | ७,५५३ | ४,१७२ | ५५ | १,९२१ | २५ | १,४६० | २० | ७० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| विद्यालय कक्षा कोठाहरू | ४९,६८१ | १७,५७८ | ३६ | १५,१४० | ३० | १६,९६३ | ३४ | ६० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| विश्वविद्यालय एवं कलेजहरू | ३० | २ | ७ | २१ | ७० | ७ | २३ | ४० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |

## स्वास्थ्य संस्था पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सुरू गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | आ.व. २०७५/७६ भित्र | आ.व. २०७६/७७ भित्र | आ.व. २०७७/७८को प्रथम चौमासिक |
| स्वास्थ्य संस्थाहरू | ११९७ | ६४३ | ५४ | १४५ | १२ | ४०९ | ३४ | ६५ प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |
| पूर्ण क्षति | ५४४ | ३१२ | ५८ | ५१ | ९ | १८१ | ३३ | ६५ प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |
| आंशिक क्षति | ६५३ | ३३१ | ५१ | ९४ | १४ | २२८ | ३५ | ६५ प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |

## सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सुरू गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | आ.व. २०७५/७६ भित्र | आ.व. २०७६/७७ भित्र | आ.व. २०७७/७८को प्रथम चौमासिक |
| सरकारी भवन | ४१५ | २४८ | ६० | १४५ | ३५ | २२ | ५ | ७५ प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| पूर्ण क्षति | १६२ | १६ | १० | १२६ | ६८ | २० | १२ | ३० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |
| आंशिक क्षति | २५३ | २३२ | ९२ | १९ | ७ | २ | १ | ९५ प्रतिशत | १०० प्रतिशत | |
| सुरक्षा निकायका भवन | ३८३ | १०३ | २७ | १०२ | २७ | १७८ | ४६ | ६० प्रतिशत | ९५ प्रतिशत | १०० प्रतिशत |
| नेपाली सेना | २०४ | ५५ | २७ | ७ | ३ | १४२ | ७० | ६० प्रतिशत | ९५ प्रतिशत | १०० प्रतिशत |
| नेपाल प्रहरी | १३९ | १७ | १२ | ८६ | ७२ | ३६ | २६ | ६० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| सशस्त्र प्रहरी | ३१ | २५ | ८१ | ६ | १९ | - | - | ९० प्रतिशत | १०० प्रतिशत | |
| राष्ट्रिय अनुसन्धान विभाग | ९ | ६ | ६७ | ३ | ३३ | - | - | ८० प्रतिशत | १०० प्रतिशत | |



## पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सुरू गर्न बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | | प्रतिशत | सङ्ख्या | प्रतिशत | आ.व. २०७५/७६ भित्र | आ.व. २०७६/७७ भित्र | आ.व. २०७७/७८को प्रथम चौमासिक |
| (भूकम्प अति प्रभावित १४ जिल्ला) | ७५३ | २०१ | २७ | ३०९ | ४१ | २४३ | ३२ | ५० प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |

## गुम्बा पुनर्निर्माण

**क्षति भएका गुम्बाको सङ्ख्या : १३२०**
**मर्मत सम्भार गर्नुपर्ने गुम्बाको सङ्ख्या : ४०२**
**पुनर्निर्माण गर्नुपर्ने गुम्बाको सङ्ख्या : ८९५**
**कुल लागत अनुमान : ५ अर्ब ८५ करोड**

- एक सय वर्षभन्दा पुराना र दुई हजार वर्गफिट भन्दा बढी क्षेत्रफल भएका गुम्बा प्राधिकरणमार्फत गरिने ।
- एक सय वर्षभन्दा कमका गुम्बा पुनर्निर्माणका लागि प्राधिकरणले स्थानीय तहमार्फत ५० प्रतिशत रकम उपलब्ध गराउने र बाँकी लागत सम्बन्धित स्थानीय तह एवं स्थानीय गुम्बा विकास तथा व्यवस्थापन समितिमार्फत बेहोर्ने ।

स्वयम्भू परिसरमा पुनर्निर्मित मंगल बहुद्वार चैत्य (बायाँ) र अनन्तपुर मन्दिर (दायाँ) । तस्बिर सौजन्य : निर्जना शर्मा/युनेस्को



## सडक पुनर्निर्माण

| आयोजना | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण जारी | | पुनर्निर्माण सुरू हुन बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | आ.व. २०७५/७६ भित्र | आ.व. २०७६/७७ भित्र | आ.व. २०७७/७८को प्रथम चौमासिक |
| ग्रामीण सडक | ८३ | ३ | ४ | ३८ | ४६ | ४२ | ५० | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |
| | १,०५१ कि.मि. | २८ कि.मि. | ३ | ७०७ कि.मि. | ६७ | ३१६ कि.मि. | ३० | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |

लमजुङको राइनास नगरपालिका, वडा नं. ६ मङ्गलटारकी सुशीला बिसुराल आफ्नो भुकम्पप्रतिरोधि घरमा सरेपछि दङ्ग छिन् ।



## आर्थिक-सामाजिक पुनर्स्थापना

- जीविकोपार्जन
- कृषि विकास मन्त्रालय, पशुपन्छी विकास मन्त्रालय, उद्योग मन्त्रालय तथा विभिन्न कार्यक्रमअन्तर्गत कुल १ अर्ब १० करोड ८१ लाख रुपियाँ खर्च भएको ।
- भुकम्पपीडितलाई प्राथमिकता दिने व्यवस्थासहित सहुलियत ऋणसम्बन्धी एकीकृत कार्यविधि कार्यान्वयन ।
- विभिन्न गैरसरकारी संस्था, व्यक्ति तथा स्थानीय समुदायमार्फत कार्यक्रम सञ्चालन गरिएको ।
- डकर्मी तालिम : ५१,६४९



राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विकास सहायता समन्वय तथा सहजीकरण समितिको २०७५ असोज ५ गते बसेको ८ औं बैठक ।

## वित्तीय आवश्यकता

**पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाअनुसार कुल बजेट आवश्यकता : ९३८ अर्ब रूपियाँ**

- दाता सम्मेलनमा प्रतिबद्धता व्यक्त भएको रकम : ४१० अर्ब रुपियाँ (त्यसमध्ये ६७ अर्ब राहत तथा उद्धार एवं अन्य कार्यक्रममा खर्च भई पुनर्निर्माणमा भएको वास्तविक प्रतिबद्धता जम्मा ३४३ अर्ब रुपियाँमात्र) ।
- सम्झौता रकम : २६२ अर्ब रुपियाँ

**पुनर्निर्माणमा खर्च**

- आ.व. २०७४/७५ सम्मको कुल खर्च : १८६ अर्ब रुपियाँ (सरकार : ११९ अर्ब रुपियाँ र दातृ निकाय : ६७ अर्ब रुपियाँ) ।
- आ.व. २०७५/७६ का लागि प्रस्तावित बजेट : १५१ अर्ब रुपियाँ ।

## स्रोतसम्बन्धी व्यवस्था

- भारतीय एक्जिम बैङ्कको खर्च गर्न नसकिने रकम अन्य पूर्वाधार विकासमा खर्च गर्ने गरी प्राधिकरणलाई आवश्यक पर्ने बजेट स्रोतान्तर मार्फत गरी व्यवस्था मिलाउने कार्य अघि बढाइएको ।
- पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाको मध्यावधि मूल्याङ्कन गरी वास्तविक वित्तीय आवश्यकता आकलनसहितको वित्तीय व्यवस्थापन योजनाको मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको ।
- परिमार्जित पुनर्निर्माण तथा पुनर्स्थापना योजना एवं वित्तीय व्यवस्थापन योजनाका आधारमा अर्थ मन्त्रालय एवं प्राधिकरणले थप सहयोग प्राप्तिका लागि दातृ निकायहरूसमक्ष पहल गर्ने ।

## पुनर्निर्माणको दिगोपना र हस्तान्तरण

- विपद् व्यवस्थापनसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थाबमोजिम तीनै तहका सरकारसँग सहकार्य गरी पुनर्निर्माणसम्बन्धी ज्ञान, सिप र अनुभव हस्तान्तरण गरिने ।
- सङ्घीय तहमा प्रस्तावित राष्ट्रिय विपद् जोखिम व्यवस्थापन प्राधिकरणसँग विशेष समन्वय र सहकार्य गरिने ।
- पुनर्निर्माणसम्बन्धी सम्पूर्ण प्रक्रिया र क्षेत्रगत अनुभवहरूको डकुमेन्टेसन कार्य अघि बढाइएको ।
- भूकम्पसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको म्युजियम तथा अनुसन्धान केन्द्र स्थापनासम्बन्धी गृहकार्य अघि बढाइएको ।
- प्राधिकरणमा हाल रहेको सूचना प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइएको ।
- प्रत्येक स्थानीय तहमा जोखिम विपद् नक्शाङ्कन कार्य अघि बढाइने र त्यसलाई स्थानीय तहको भू-उपयोग योजना एवं योजना तथा भवन मापदण्ड तयारीको आधारका रूपमा प्रयोग गरिने ।
- प्रत्येक गाउँपालिका एवं नगरपालिकालाई राष्ट्रिय भवन संहिता लागु गराउन विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- गोरखा एवं सिन्धुपाल्चोकमा भूकम्प स्मृति पार्कहरूको पुनर्निर्माण गर्ने ।



# पुनर्निर्माणका तीन वर्ष

## मुख्य घटनाक्रम

### २०७२ पुस

- पुस ५ - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ जारी ।
- पुस १० - मन्त्रिपरिषद्द्वारा वरिष्ठ इन्जिनियर एवं सहरी योजनाविद् सुशील ज्ञवालीलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त ।

### २०७२ माघ

- भूकम्प अति प्रभावित जिल्लाहरूमा भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत सङ्कलन कार्य दोलखाबाट सुरु ।
- माघ २ - १९ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा रत्नपार्कस्थित रानीपोखरी पुनर्निर्माणको शिलान्यास गरी पुनर्निर्माण महाअभियान सुरु । प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा काठमाडौं उपत्यकाको प्राचीन बस्ती बुङमतीको गुरुयोजना सार्वजनिक गरी निजी घर पुनर्निर्माणको शुभारम्भ ।




### २०७२ फागुन

- निर्देशक समितिद्वारा राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ पारित । मन्त्रिपरिषद्द्वारा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२ पारित ।
- उपत्यकाबाहेकका भूकम्प अति प्रभावित ११ जिल्लामा निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता सुरु । दोलखा जिल्लाको लादुक गाविस वडा नम्बर ८ का घरधनी जगतबहादुर खत्रीसँग पहिलो अनुदान सम्झौता ।

### २०७२ चैत

- मन्त्रिपरिषद्द्वारा भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नियमावली, २०७२ पारित । भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी कार्यविधि, २०७२ पारित ।
- भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण कार्य अघि बढाउन सातवटा उपक्षेत्रीय कार्यालय खोल्ने प्राधिकरणको योजनाअनुसार दोलखाको चरिकोटमा पहिलो उपक्षेत्रीय कार्यालय स्थापना र सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा प्राधिकरणको एक विशेष सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय ।

### २०७३ वैशाख

- वैशाख १२ - राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा 'गोरखा भूकम्प' एक वर्ष पुगेको स्मृतिमा केन्द्रविन्दु बारपाक पुगेर भूकम्प स्मृति उद्यान तथा बारपाक-४ का गोपाल बिकको घर शिलान्यास । प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा भूकम्पपीडित सर्वे तामाङको निजी आवास पुनर्निर्माणको शिलान्यास ।
- वैशाख ३० - प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी पञ्चवर्षिय योजना सार्वजनिक गरी पुनर्निर्माणका लागि ५ वर्षमा ९ खर्ब रुपियाँ लाग्ने अनुमान प्रस्तुत ।



रसुवाको कालिकास्थानका कामि शेर्पा सरकारी अनुदानको रकम लिंदै ।

## २०७३ जेठ

- प्राधिकरणद्वारा 'भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी कार्यविधि, २०७२' स्वीकृत । भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणका लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७२' प्राधिकरणद्वारा पारित ।
- संयुक्त राष्ट्र सङ्घका महासचिव वान कि मुनद्वारा टर्कीको इस्तानबुलमा आयोजित विश्व मानवीय सम्मेलनलाई सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त नेपालको भौतिक संरचनाहरूको पुनर्निर्माणमा संयुक्त राष्ट्र सङ्घले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त ।

## २०७३ असार

- भूकम्पबाट आंशिक क्षति भएका घर मर्मत सम्भार एवं प्रबलीकरण गर्न ५० हजार रुपियाँ उपलब्ध गराउने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्ने प्राधिकरणको निर्णय । पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि पारित ।
- भूकम्पबाट क्षति पुगेका संरचना पुनर्निर्माण तथा पुनर्स्थापना गर्न आवश्यक जनशक्ति विकासका लागि व्यवस्थित र योजनाबद्धरूपमा तालिम सञ्चालन गर्न प्राधिकरणद्वारा तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका पारित ।

## २०७३ साउन

- प्राधिकरणद्वारा पुनर्निर्माणसम्बन्धी कार्यमा स्थानीय समुदायको सहभागिता र स्वामित्व अभिवृद्धि गर्न 'पुनर्निर्माण सामुदायिक समितिसम्बन्धी निर्देशिका, २०७३' पारित ।

## २०७३ भदौ

- भूकम्पपीडितलाई निजी आवास पुनर्निर्माणमा सरकारबाट दिइने अनुदान २ लाखबाट वृद्धि गरी ३ लाख रुपियाँ उपलब्ध गराउने मन्त्रिपरिषद्को निर्णय ।
- भूकम्पबाट क्षति भएको सुन्दरीजलस्थित बि.पी. सङ्ग्रहालय पुनर्निर्माण कार्यको पूर्वप्रधानमन्त्री एवं नेपाली कङ्ग्रेसका सभापति शेरबहादुर देउवाद्वारा शिलान्यास ।

## २०७३ असोज

- भूकम्पपीडितले घर पुनर्निर्माणका लागि पाउने अनुदान रकम पहिलो किस्तामा ५० हजार, दोस्रो किस्ता १ लाख ५० हजार र तेस्रो किस्ता १ लाख रुपियाँको हुने व्यवस्था ।

## २०७३ कात्तिक

- वैदेशिक सहायताद्वारा सञ्चालित पुनर्निर्माणसम्बन्धी कार्यमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू एवं नागरिक समाजबीच आवश्यक समन्वय र सहजीकरण गर्न/गराउन प्रधानमन्त्री एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अध्यक्षद्वारा विकास सहायता समन्वय तथा सहजीकरण समिति गठन ।
- भूकम्पबाट क्षति भएका निजी घरको पुनर्निर्माण, प्रबलीकरण वा मर्मत गर्नुपर्ने संरचना भूकम्प प्रतिरोधात्मक बनाउन 'निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण कार्यविधि, २०७३' पारित ।

## २०७३ मङ्सिर

- प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा करिब २३ करोड रुपियाँ लागतमा पुनर्निर्माण भएको विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ स्तुपाको उद्घाटन

## २०७३ पुस

- सरकारद्वारा प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीलाई हटाइ प्रा. डा. गोविन्दराज पोखरेललाई नियुक्त गर्ने निर्णय ।
- कार्यकारी समितिको बैठकद्वारा विभिन्न विश्वविद्यालयअन्तर्गतका इन्जिनियरिङ सङ्काय/कलेजमा सिभिल इन्जिनियरिङको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई २०७३ माघ २१ देखि फागुन २० सम्म एक महिनाका लागि पुनर्निर्माण अभियानमा स्वयंसेवकका रूपमा खटाइदिने व्यवस्था मिलाउन आग्रह गर्ने निर्णय ।

## २०७३ माघ

- झुटा विवरण पेश गरी लाभग्राही सूचीमा नाम समावेश भई निजी आवास पुनर्निर्माण सम्झौता गरेका व्यक्तिहरूलाई त्यसरी लिएको रकम फिर्ता गर्न आवश्यक कानुनी कारबाहीको प्रक्रिया सुरु गर्ने कार्यकारी समितिको निर्णय ।

## २०७३ फागुन

- कलाकार सीताराम कट्टेल र कुञ्जना घिमिरे (धुर्मुस-सुन्तली) लाई एकीकृत बस्ती विकाससम्बन्धी काममा थप जागरण ल्याउन र प्रोत्साहित गर्न एकीकृत बस्ती निर्माण/विकाससम्बन्धी सद्भावना दूत बनाउने कार्यकारी समितिको निर्णय ।

## २०७३ चैत

- सर्वेक्षण सम्पन्न भई पहिचान भएका भूकम्प प्रभावित १७ जिल्लाका लाभग्राहीहरूसँग अनुदान सम्झौता गरी अनुदान वितरण सुरु ।
- जोखिमयुक्त बस्तीका बासिन्दा एवं घर/परिवारको स्थानान्तरणसम्बन्धी आवश्यक व्यवस्था मिलाउन प्राधिकरणद्वारा 'जोखिमयुक्त बस्ती स्थानानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३' पारित ।

## २०७४ वैशाख

- आफ्नो जग्गा नभई सार्वजनिक, वन क्षेत्र एवं सरकारी जग्गामा बसेका तथा जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा सर्न चाहने भूकम्पपीडितलाई घडेरी जग्गा खरिद गर्न दुई लाख रुपियाँ उपलब्ध गराउनेसम्बन्धी मापदण्ड तयार गर्न प्राधिकरणद्वारा कार्यटोली गठन ।

## २०७४ जेठ

- प्राधिकरणद्वारा 'जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा सर्न चाहने भूकम्पपीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४' पारित ।



**जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि**

सम्वत् २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पका कारणबाट प्रभावित जोखिमयुक्त बस्तीका बासिन्दा एवं घर परिवारहरुको आवश्यक व्यवस्था मिलाउन भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारंभ :** (१) को कार्यविधिको नाम "जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(१) "कार्यालय " भन्नाले प्राधिकरण, प्राधिकरणको काम गर्ने गरी तोकिएको कार्यालय, आयोजना एवं सचिवालयसमेतलाई जनाउने छ ।

(२) "जोखिमयुक्त बस्ती " भन्नाले भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा प्राधिकरणबाट जोखिमयुक्त बस्ती भनी यकिन भएका स्थानान्तरण गर्नु पर्ने बस्ती वा बस्तीका घर परिवारसमेत संझनु पर्छ ।

(३) "लाभग्राही " भन्नाले भूकम्पबाट प्रभावित निजी आवास लगत संकलन कार्यक्रमबाट प्राधिकरणले लाभग्राही सूचीमा समावेश गरेका घर परिवार सम्झनु पर्छ र सो शब्दले लाभग्राही सूचीमा समावेश नभए तापनि जोखिमयुक्त बस्ती भनी यकिन भएका वस्तीका घर परिवारहरुलाई समेत जनाउँछ ।

(४) " स्थानीय तह " भन्नाले गाँउपालिका वा नगरपालिका संझनु पर्छ ।

(५) "उपभोक्ता समिति " भन्नाले लाभग्राहीहरुमध्येबाट प्रचलित कानून बमोजिम गठन भएका उपभोक्ता समितिहरुलाई जनाउँछ ।

३. **वस्ती स्थानान्तरण गर्नुपर्ने परिवारको तथ्याङ्क संकलन :**

(१) भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वस्ती एवं वस्तीका घर परिवारलाई देहायबमोजिम वर्गीकरण गरिने छ ।

1

- प्राधिकरण कार्यकारी समितिद्वारा 'न्यूनतम मापदण्डअनुरूप नबनेका गारोवाला भवनहरूका लागि सुधार तथा अपवाद मापदण्डसम्बन्धी निर्देशिका, २०७४' स्वीकृत ।

## २०७४ असार

- पुनर्निर्माणसम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ स्वीकृत ।
- प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको प्राधिकरणको दशौं निर्देशक समितिको बैठकद्वारा आर्थिक वर्ष २०७४/२०७५ का लागि १ खर्ब ४५ अर्ब ९३ करोड रुपियाँको बजेट स्वीकृत । निजी आवास पुनर्निर्माणका लागि अनुदान वितरणमा समयसीमा तोकेर अभियान चलाउने निर्णय, भूकम्प कम प्रभावित १७ जिल्ला हेर्नेगरी थप आठ स्थानमा प्राधिकरणको जिल्ला समन्वय समितिको सचिवालय स्थापना गर्ने निर्णय ।

## २०७४ साउन

- चिनियाँ उपप्रधानमन्त्री वाङ याङ र उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री कृष्णबहादुर महराद्वारा चीन सरकारको सहयोगमा पुनर्निर्माण हुने वसन्तपुर दरबार क्षेत्रस्थित नौतले दरबार पुनर्निर्माणको संयुक्तरूपमा शिलान्यास ।
- स्वास्थ्य मन्त्रालयअन्तर्गत आयोजना समन्वय एकाइद्वारा प्रस्तावित 'स्वास्थ्य भवन पुनर्निर्माण कार्यविधि, २०७४' प्राधिकरण कार्यकारी समितिद्वारा स्वीकृत ।

## २०७४ भदौ

- भूकम्प प्रभावित जिल्लाका पीडितहरूका लागि एकीकृत बस्ती विकास गर्ने सम्बन्धमा तर्जुमा गरिएको 'एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, २०७४' प्राधिकरणद्वारा स्वीकृत ।

## २०७४ कात्तिक

- प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले दिएको राजीनामा मन्त्रिपरिषद्द्वारा स्वीकृत । नेपाल सरकारका पूर्वसचिव युवराज भुसाललाई प्रमुख कार्यकारी अधिकृत नियुक्त ।



## २०७४ मङ्सिर

- हरेक वडामा एकजना प्राविधिक जनशक्ति पुऱ्याउने लक्ष्यअनुसार प्राधिकरणद्वारा नयाँ नियुक्त ११०० भन्दा बढी इन्जिनियर, सबइन्जिनियर र असिस्टेन्ट सबइन्जिनियरलाई भूकम्प प्रभावित सम्पूर्ण जिल्लामा परिचालन ।

## २०७४ माघ

- प्रधानमन्त्री एवं निर्देशक समितिका अध्यक्ष शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकद्वारा पहिलो किस्ता लिएका लाभग्राहीले घर निर्माण सुरु गरी दोस्रो किस्ता लिने अवधि २०७४ चैत मसान्तसम्म कायम ।

## २०७४ फागुन

- गोरखा र नुवाकोटमा निजी आवास पुनर्निर्माणमा सामाजिक-प्राविधिक सहयोगका लागि भारत सरकार, युएनडिपी र युएनओपिएसबीच छुट्टाछुट्टै समझदारी पत्रमा हस्ताक्षर ।

## २०७४ चैत

- प्राधिकरणको परामर्श परिषद्को तेस्रो बैठकद्वारा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने संसद् सदस्यहरूमध्येबाट



समावेशी सिद्धान्तका आधारमा १४ जना सदस्य मनोनीत गर्दै परिषद्लाई पूर्णता ।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको बैठकद्वारा पुनर्निर्माणका प्राथमिकता निर्धारण गर्दै निजी आवास पुनर्निर्माणलाई जोड दिने निर्णय । केन्द्रीय एवं जिल्लास्तरीय आयोजना कार्यान्वयन एकाइको मौजुदा सङ्गठनमा फेरबदल गरी नयाँ सरचना पारित ।

## २०७५ वैशाख

- पुनर्निर्माणमा प्रदेश सरकार र प्रदेश सभा सदस्यहरूलाई जानकारी तथा सहभागी गराउने उद्देश्यले प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना ।

## २०७५ जेठ

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा भूकम्पबाट क्षतिग्रस्त धरहरा पुनर्निर्माणका लागि टेन्डर आह्वान ।

## २०७५ असार

- प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा वसन्तपुर दरबार क्षेत्रमा रहेको पुनर्निर्मित गद्दी बैठकको उद्घाटन । अमेरिकाको एम्बासडर्स फन्ड फर कल्चरल प्रिजर्भेसनको आर्थिक सहयोगमा पुनर्निर्माण ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालको बिदाइ ।

## २०७५ साउन

- पुनर्निर्माणमा भारत सरकारले प्रतिबद्धता जनाएको अनुदान रकममध्ये पहिलो किस्ताबापत २ अर्ब १० करोड ४३ लाख रुपियाँ अर्थ मन्त्रालयमार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई हस्तान्तरण ।
- मन्त्रिपरिषद् बैठकद्वारा सुशील ज्ञवालीलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त ।

## २०७५ भदौ

- कार्यकारी समितिको बैठकद्वारा काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र रामेछापका गरी पाँचवटा नयाँ बस्ती बनाउने योजना स्वीकृत ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकद्वारा निजी आवास पुनर्निर्माणलगायतका विभिन्न कार्यहरू स्थानीय तहलाई जिम्मा दिने निर्णय ।
- काष्ठमण्डप पुनर्निर्माण निर्देशक समितिको बैठक । २०७६ साल असारभित्र पहिलो तला निर्माण गरिसक्ने निर्णय ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । खोकना, बुङमती, साँखु, किलागल जस्ता बस्तीहरूको मौलिक स्वरूप यथावत् राख्नेगरी पुनर्निर्माण गर्ने निर्णय ।
- पुनर्निर्माण भएका निजी घरहरूको ५ वर्षका लागि रु.५ लाखसम्मको बीमा गर्नका लागि ५० प्रतिशत सम्बन्धित घरधनी र ५० प्रतिशत सरकारले आर्थिक दायित्व वहन गर्ने गरी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा लेखी पठाउने निर्णय ।

## २०७५ असोज

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विकास सहायता समन्वय तथा सहजीकरण समितिको ८ औं बैठक सम्पन्न । प्रमुख

कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा पुनर्निर्माणमा भएको प्रगति अवस्था र भावी कार्ययोजना प्रस्तुत ।

- सहुलियत कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी । तीन लाख रुपियाँको निजी आवास पुनर्निर्माण सहुलियत कर्जा उपलब्ध गराउने निर्णय ।
- प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटघाट । राष्ट्रपति भवन नभत्काउने निर्णय ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको बैठक । ओखलढुङ्गाको फुयाँल गाउँ, सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढीको भ्याडीटोलस्थित माझी गाउँ, सिन्धुपाल्चोककै गिरानचौरस्थित सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजना र काठमाडौंको शङ्करापुर नगरपालिकास्थित पुखुलाछीको सिर्जनशील एकीकृत बस्ती विकासको योजना स्वीकृत ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । पुनर्निर्माण र पुनर्स्थापनाका लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत ।

## २०७५ कात्तिक

- धरहराको पुनर्निर्माण सुरु ।
- संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र पुरातत्त्व विभागबीच बैठक । रानीपोखरीको बालगोपालेश्वर मन्दिरको गुम्बज शैलीमा पुनर्विचार गर्न पुरातत्त्व विभागलाई निर्देशन ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको बैठक । ९९ घर/परिवारसम्मको एकीकृत बस्ती विकास गर्नका लागि स्थानीय तहलाई जिम्मेवारी दिने निर्णय ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । छुट तथा पुनःजाँच सर्वेक्षण कार्यविधि,२०७५ स्वीकृति । भूकम्पबाट प्रभावित निजी आवास अनुदान वितरण (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृतिका लागि मन्त्रिपरिषद् समक्ष पेश गर्ने निर्णय । निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत ।

## २०७५ मङ्सिर

- पुनर्निर्माणसम्बन्धी कार्यजिम्मेवारी र अधिकार स्थानीय तहलाई हस्तान्तरणका लागि काभ्रेपलान्चोक, ललितपुर, भक्तपुरलगायतका नौवटा जिल्लामा पुनर्निर्माण प्राधिकरण र स्थानीय तहहरूबीच समझदारीपत्रमा हस्ताक्षर ।
- सङ्घीय संसद्को विकास तथा प्रविधि समितिको बैठक । गुनासो सम्बोधनलगायतका कार्य गर्न निर्देशन ।



## २०७५ पुस

- नुवाकोटस्थित विदुर नगरपालिकाको ढुङ्गेनटारमा प्राधिकरण र इसिमोडको नेतृत्व र विभिन्न सङ्घ/संस्था र स्थानीय समुदायको सहभागितामा पुनर्निर्माण भएका ९० घर ढुङ्गेनटार पुनर्निर्माण समाजलाई हस्तान्तरण ।
- काठमाडौँमा पुनर्निर्माण जिल्ला समन्वय समितिको बैठक । पुनर्निर्माणसम्बन्धी स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरणका लागि पुनर्निर्माण प्राधिकरण र स्थानीय तहहरूबीच समझदारीपत्रमा हस्ताक्षर ।



२०७२ वैशाख १२ को भुकम्पको केन्द्रबिन्दु गोरखा बारपाक (पहिलो पृष्ठ) र वैशाख २९ को भुकम्पको केन्द्रबिन्दु दोलखाको सिंगटी (माथि) । यि स्थानहरूका अधिकांश घरहरू अहिले पुनर्निर्माण भइसकेका छन् ।

थप जानकारीका लागि

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सिंहदरबार, काठमाडौं

फोन : ०१-४२११४८२, ०१-४२११४६५ फ्याक्स : ०१-४२११४७३

हेल्पलाइन : १६६०-०१-७२००० (एनटिसी) ९८०१५७२१११ (एनसेल)

इमेल : info@nra.gov.np

www.nra.gov.np

National Reconstruction Authority

@NRANepal

*यो प्रकाशन नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेयर्स/अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहायता नियोगको सहयोगमा प्रकाशित गरिएको हो ।*